ग्रामीण पत्रकारिताको प्रयास

जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY



पृष्ठ ४ मा

दाइजो प्रथा नियन्त्रणका चुनौती

❑ वर्ष-९ ❑ अङ्क-३२, २०७४ पुस १५ गते, शनिबार (Dec.30 2017 Saturday) www.janatimes.com मुल्य रू. ५/- पृष्ठः संख्याः ६

राजविराज विमानस्थलको पुनःनिर्माण कार्य ह्रुदै

फत्तेपुर / गत मंसिरदेखि सञ्चालनमा ल्याउने गरि शुरु गरिएको राजविराज विमानस्थलको निर्माण कार्य शीतलहर र बन्द हड्तालका कारण पुरा हुन सकेको छैन् । काम तिव्र रुपमा भईरहेको निर्माण समतिले दावी गर्दे आएको छ ।

वि.सं. २०१६ सालमा तत्कालिन यातायात मन्त्री गणेशमान सिंहद्वारा उद्घाटन गरिएको यो पुरानो विमानस्थलको पक्की धावनमार्गको निर्माण कार्य पुरा हुन नसक्दा सञ्चालनमा आउन सकेको थिएन । कच्ची धावनमार्गका कारण नियमित रुपमा विमान नचलेपछि विगत ५८ वर्षदेखि विमानस्थलमा पक्की धावनमार्ग नभएका कारण नियमित उडान सञ्चालन हुन सकेको थिएन ।

कान्छाराम, रमण र देव एन्ड शायर जेभीले विमानस्थल निर्माण कार्यको ठेक्का लिएपछि २०७३ असोजदेखि निर्माण कार्य थालिएको थियो । उक्त कम्पनीले पक्की धावनमार्गको लम्बाइ १ हजार ५ सय मिटर र ३० मिटर चौडाइ छ । ६० मिटर चौडाई र ९० मिटर लम्बाईको एप्रोन निर्माण गर्ने लक्ष्य रहेको छ । सम्झौता अनुसार १ सय ५ मिटर लामो र २० मिटर चौडाईको ट्याक्सी वे समेत निर्माण गर्न लक्ष्य राखिएको छ । कुल २६ करोड रुपैयाँमा ठेक्का लिएको उक्त कम्पनीले मंसिरभित्रै विमानस्थलको पिचिङ सम्पन्न गर्ने लक्ष्य राखिएको थियो ।

निरन्तरको वर्षा, आन्दोलन र शीतलहरका कारण काम गर्न ढिलाई भएको ठेकेदार कम्पनीका इन्जिनियर जितेन्द्रकुमार यादवले जानकारी दिएका छन् । पिचिङ्गका लागि जेठसम्मको समय उपयुक्त हुने भएकाले तत्कालीन समयमा तीव्र गतिमा काम अगाडि बढाए



पनि मौसम प्रतिकूलताका कारण पक्की निर्माण कार्यमा समस्या भएको उनले बताए ।

'अहिलेको तापक्रम कम रहेकोले पिचिङ्ग कार्य प्रभावित भएको छ' ईन्जिनियर यादवले भने 'न्यूनतम २० डिग्रीभन्दा कम तापक्रममा पिचिङ गर्दा भरपर्दो हुदैन, चाँडै बिग्रिने सम्भावना देखिएकोले तत्कालकालागि यो काम प्रभावित भएको छ ।' केही दिन यता सप्तरी जिल्लाको तापक्रम १५ डिग्री सेन्टिग्रेड भन्दा कम रहने गरेको जानकारी दिँदै उनले भने ' मौसमले साथ दिए फागुनको अन्त्यसम्म सबै काम सकिन्छ ।'

उनका अनुसार पक्की धावनमार्ग निमार्णका लागि हालसम्म डबल लेयर बेसको काम सम्पन्न भइसकेको छ ।

यो विमानस्थलमा वि.सं.२०५२ साल बैसाख यता नियमित उडान हुन सकेको छैन । यसअघि सोमबार र बिहीबार गरी हप्ताको दुई पटक काठमाडौं उडान हुँदै आएको थियो । दुई दिने उडान पनि बन्द भएपछि सप्तरीसहित आसपासका जिल्लाका यात्रुहरु २२ वर्षदेखि विमान चढ्न विराटनगर र जनकपुर जाने गरेका छन् ।

विकास निर्माणका दृष्टिकोणले राजविराज विमानस्थल सञ्चालनमा आउनु अति आवश्यक रहेको सप्तरी उद्योग वाणिज्य संघका अध्यक्ष अरुणकुमार प्रधानले बताए । बुधवार विमानस्थलको अवस्थाबारे जानकारी लिन स्थलगत निरीक्षण गर्ने क्रममा उनले निर्माण कार्य यथाशीघ्र सम्पन्न गरी विमान सेवा ल्याउनुपर्ने बताए ।

सुस्त गतिमा निर्माण भईरहेको भन्दै जनतामा व्यापक गुनासो आएको ले आफुसहित पत्रकारहरुको टोलीले स्थलगतै अनुगमन गर्न आएको उनले बताए । हालसम्म भएका कामहरु सन्तोषजनक देखिए पनि निर्माण कार्यमा ढिलाई देखिएकोले अविलम्ब काम सुचारु गर्न उनले सम्वन्धित निकायसँग ध्यानाकर्षण गराएका छन् ।

विमानस्थलकालागि ईटहरी विष्णुपुर निवासी रुद्रनारायाण

बाँकी अन्तिम पृष्ठमा

क्षयरोगको उपचार अब नौ महिनामै



फत्तेपुर / क्षयरोगको प्रभावकारी उपचारका लागि नेपालमा नौ महिने छोटो उपचार विधि सुरु हुने भएको छ ।

दामियन फाउन्डेशन बेल्जियमको सहयोगमा जनवरी एक तारिखदेखि काठमाडौं, विराटनगर, बुटवल तथा नेपालगञ्ज गरी चार ठाँउबाट यो विधिको सुरुवात गर्ने राष्ट्रिय क्षेयरोग केन्द, भक्तपुरले जानकारी दिएको छ ।

यो उपचार विधि सुरु हुने नेपाल विश्वकै ३८ औ देश हो ।

केन्द्रका अनुसार यो विधिबाट उपचार गर्दा विरामीले नौ महिनासम्म आवश्यक औषधि सेवन गर्नुका साथै ४ देखि ६ महिनासम्म सुई लिनु पर्नेछ । यस्तो उपचारसेवा गर्भवती महिला तथा फोक्सो बाहेकका अन्य अंगमा क्षयरोग भएका विरामीलाई भने दिइने छैन ।

नेपालमै पहिलोपटक सुरु हुन

बाँकी अन्तिम पृष्ठमा

बाह्रौ वार्षिक साधारण सभाको सूचना

यस श्री फत्तेपुर बहुउद्देश्यीय सहकारी संस्था लि.को संचालक समितिको मिति २०७४/९/१ को बैठकको निर्णय बमोजिम यस सस्थाको बाह्रौ वार्षिक साधारण सभा निम्न मिति,समय र स्थानमा हुन गइरहेको छ । उक्त साधारण सभामा तपसीलका विषयहरु माथि छलफल हुने भएको हुँदा साधारण सभा हुने मिति ०७४/९/२९ गते पूर्व मिति ०७४/९/ २७ र २८ गते सहकारी प्रशिक्षणसमेत हुने भएको हुँदा सम्पुर्ण प्रतिनिधी शेयर सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितीका लागि हार्दिक अनुरोध गर्दछौ ।

तपसील

१. आ.व. ०७३/०७४ को लेखा परीक्षण गर्न लेखापरीक्षक को नियुक्ति सदर ।
२. आ.व. ०७३/०७४ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल ।
३. आ.व. ०७४/०७५ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ती गर्ने वा संचालक समितिलाई नियुक्ती गर्न अनुमती दिने ।
४. आ.व. ०७४/०७५ को वार्षिक कार्य योजना माथि छलफल ।
५. गत साधारण सभा देखि यो साधारण सभा सम्म संचालक समितिले गरेको निर्णय अनुमोदन । ६. विविध ।

कार्यक्रम

१. मिति २०७४/९/२७ र २८ गते (दुइ दिन) प्रशिक्षण
२. समय : बिहान ११ बजे देखि
३. मिति २०७४/९/२९ गते साधारण सभा
४. समय : बिहान ११ बजे बाट
३. स्थान : भगवती मन्दिर सभा हल सप्तकोशी न.पा. १, फत्तेपुर

(इश्वरी प्रसाद नेपाल)
व्यवस्थापक

(गोविन्द बहादुर बस्नेत)
अध्यक्ष

फत्तेपुर बहुउद्देश्यीय सहकारी संस्था लि. सप्तकोशी न.पा.-१, फत्तेपुर



राजविराज ...

सिंहले ५५ बिघा जग्गा उपलब्ध गराएका थिए । राजविराज विमानस्थल नाम रहे पनि सरकारले हाल परिवर्तन गरेर 'गजेन्द्रनारायण सिंह विमानस्थल' नामांकन गरेका छन् । विमानस्थलमा कार्यालय प्रमुख, कार्यालय सहयोगी र २ चौकीदार गरी चार ४ कर्मचारीको दरवन्दी छ । प्रमुख र कार्यालय सहयोगी विराटनगर विमानस्थलमा काजमा छन् भने २ चौकीदार विमानस्थलमै कार्यरत रहेको जनाईएको छ ।

क्षयरोगको ...

लागेको यस किसिमको उपचारका लागि आवश्यक पर्ने सम्पूर्ण पूर्वाधार दामियन फाउन्डेशन बेल्जियमले उपलब्ध गराएको छ । केन्द्रका निर्देशक डा. केदार नरसिंह केसीले भने,' कार्यक्रमको पहिलो चरणमा सुरु चार ठाउँबाट सुरु गनि लागेको यस कार्यक्रमलाई क्रमश देशैभर सञ्चालन गर्ने तयारीमा छौं ।'

यसको लागि केन्द्रले हाल दशैभरी क्षयरोगका विरामीको प्रारम्भिक सर्भेक्षण गर्ने तयारी गरिरहेको डा. केसीले बताए ।

डा. केसीका अनुसार देशभरका ५५ जिल्लामा ५७हजार ६१० जनामा गरिने यस सर्भेक्षणमा अत्याधुनिक प्रविधिद्वारा रोग निदान र परिक्षणका माध्यमद्वारा क्षयरोगको वास्तविक अवस्था आकंलन गरिने छ । यसको लागि केन्द्रले प्रि टेष्टिङ्ग ओरियन्टेसन लगायतका कार्य सम्पन्न गरिसकेको छ ।

केन्द्रका अनुसार विश्व स्वास्थ्य संगठनबाट मान्यता प्राप्त यस उपचार विधिको अभावमा हाल केन्द्रले क्षयरोगका विरामीहरुलाई २० महिनादेखि २४ महिनासम्म क्षय रोगका औषधि सेवन गराउँदै आएको थियो ।

विभिन्न देशमा सञ्चालनमा रहेको यस उपचार विधिको विस्तृत अध्ययन गरी सकारात्मक सूचकलाई स्वीकार गरी सन सन् २०१६ मा विश्व स्वास्थ्य संगठनबाट मान्यता प्राप्त भएपछि केन्द्रले यो सेवा नेपालमा पनि सुचारु गर्न लागेको हो । यस उपचार विधिको सफलता दर झण्डै ८६ प्रतिशत रहेको केन्द्रले जनाएको छ ।

केन्द्रका अनुसार छोटो समयमा गरिने यस्ता उपचार विधिको अभावमा नेपालमा क्षयरोगका विरामीको बहुऔषधि प्रतिरोधी (एमडीआर) द्वारा उपचार हुँदै आएको थियो । न्युनतम २० देखि २४ महिनासम्म गरिने यस्ता उपचार विधिमा विरामीलाई छ थरीका औषधि ख्वाइनुका छ पटक सम्म सुई लगाइने गरिएको थियो ।

नेपालमै यो सेवा सुरु भएसँगै क्षयरोगका विरामीको छिटो उपचार हुनुका साथै स्वास्थ्यमा पार्ने प्रतिकुल असर कम गर्दै लैजाने विश्वास लिइएको छ ।

तपाईहरूको सेवामा फत्तेपुर पोलिक्लिनिक



हाम्रा उपलब्ध सेवाहरु

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा



फत्तेपुर पोलिक्लिनिक(प्रालि)

सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मार्ग

अगाडी फोन नं.: ०३१-५५०१८७

शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले,

- त्यातो कपडाको जोहो समयमै गरौं ।
- शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा त्यातो कपडा लगाऔं ।
- रातको समयमा सिरक, कम्बलजस्ता त्यातो ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं ।
- शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई त्यातो राख्ने गरौं, छाती र टाउकोलाई चिसोबाट जोगाउने कार्य गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो खाने कुराहरु खाने बानीको विकास गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरुः

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

स्पोर्ट सेवाहरुः

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा र साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन

डा.अनिता बर्मा, जनरल फिजिसियन

डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) -प्रत्येक महिनाको

डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते

डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६

डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)

डा. बद्रीप्रसाद भट्टराई . डा. समन

एम्बुलेन्स
सम्पर्क: ९८४२४०४८०४,

नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल बिमारीको जाच गरिन्छ र २४ सै घण्टा

ॐ साई माता मनकामना आरोग्य सेन्टर प्रा.लि.



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००

दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

बिशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग बिशेषज्ञ

डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ



जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा-१,पारुहाङ्गचौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

प्रमुख सल्लाहकार: डा.महेन्द्र विष्ट, **सल्लाहकार**: प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक**,खगेन्द्र कार्की (९८४१०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, **ले-आउट** निश्छल कार्की, *काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार प्रतिनिधि: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्क: ९८०३८१९७२१ Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatatimes .com,* **मुद्रण**: लक्ष्मी अफसेट प्रेस, गाईघाट , उदयपुर

जनता टाइम्स साप्ताहिक
JANATA TIMES WEEKLY

सम्पादकीय.....

राज्यकोषको दोहन

राणाहरूको जहानियाँ शासनमासमेत शासक फेरिनेबित्तिकै पुराना शासकको दरसन्तानलाई सताइने गरेको इतिहास पाईन्छ । निर्वाचनबाट शासक फेरिँदा नयाँ शासकप्रति अतिभक्ति र निवर्तमानप्रति अहिलेको परिपक्षमा असहयोग प्रकट हुनु अस्वाभाविक मान्न सकिन्न । संस्थागतरूपमा जति नै परिवर्तन भए पनि कर्मचारीको मानसिकता फेरिएको छैन् ।

मन्त्रीहरू धमाधम आर्थिक सहायता वितरण गर्नेदेखि कर्मचारीलाई दण्ड र पुरस्कार दिइहाल्न चाहन्छन् । त्यो काम गरिरहेका पनि छन् । एउटालाई निकाल्ने र अर्कोलाई नियुक्ति दिएर मोटो रकम असुल्ने चलखेलमा मन्त्रिहरु लागेका छन् । राज्यको ढुकुटीमा अरूले मनपरी गर्दा विरोध गर्नेहरू आफू सरकारमा पुग्नेबित्तिकै त्यस्तै शैलीमा आफूखुसी बक्सिस दिन थाल्छन् । प्रतिपक्ष दुधको साची विरालो बन्ने गर्दछन् । किन की सत्तामा पुगे पछि उनीहरुको पनि त्यही काम दोहोऱ्याउने भएकाले मौन बस्छन् ।

आर्थिक वर्षको अन्त्यतिर प्रत्येक वर्ष हरेक अर्थमन्त्रीले रकमान्तर गरेर आफ्ना कृपापात्रलाई योजनाका नाममा बक्सिस दिने गर्छन् । सत्तामा नहुँदा सबैले त्यसको विरोध गर्छन् र आफू पदमा पुग्नेबित्तिकै त्यही अभ्यास दोहोऱ्याउँछन् । यसैले होला सरकारमा हुँदा राज्यको ढुकुटी दोहन गर्ने कार्यको विपक्षीले खासै विरोध गर्दैनन् ।

अब संक्रमणकालीन अरू धेरै विकृतिजस्तै राज्यको ढुकुटीमा तजबिजी दोहनलाई सही ठान्ने र निरन्तरता दिने अभ्यास कुनै हाललममा रोकिनु पर्दछ । राजनीति र समाज दुवैका लागि यो निकै डरलाग्दो सरुवा रोग हो । जनताको रगत पसिनाले जम्मा भएको राज्यकोष अव दोहन गर्नु हुदेन् । कमजोर व्यक्तिलाई संस्थागतरूपमै सहयाता दिने व्यवस्था मिलाउनुपर्छ । त्यो सहायता तल्लो स्तरका नागरिकले पनि पाउनु पर्दछ ।

☎ जरूरी टेलिफोन ☎

सप्तरी

जिल्ला प्रसासन कार्यालय, सप्तरी	०३१-५२०६२४
क्षेत्रीय प्रहरी कार्यालय,	५२००४५,
जिल्ला प्रहरी कार्यालय,	५२००५५
प्रहरी चौकी, फत्तेपुर,	५५०१००
सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर,	९७४३०२३०२१
नेपाल रेडक्रस सोसाईटी,	५२०२५८
जिल्ला जनस्वास्थ्य कार्यालय,	५२१६०६
प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर,	५६०००५
उपस्वास्थ्य चौकी, सप्तकोशी नपा,	५५०१६९
एम्बुलेन्स सेवा, सप्तकोशी नपा	५५०१६९
सप्तकोशी नगरपालिका, फत्तेपुर,	५५००१९
ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर,	५५०११२
टेलिकम शाखा फत्तेपुर,	५५००६६

निर्वाचनपछि समृद्ध मधेशका आधारहरू

❒ रामसुकुल मण्डल

निर्वाचनबाट संविधान कार्यान्वयनको चरणमा प्रवेश गरेको छ भने गणतन्त्र सुनिश्चित हुनुका साथै संघीय संरचना स्थापित भएको छ । निर्वाचनपछि आम मधेशीजनमा पनि यसले राजनीतिक स्थायित्वको विश्वास बढाएको छ र स्थिर सरकार तथा मुलुकको समृद्धिप्रति अपेक्षा जगाएको छ । त्यसैले अहिले भएका निर्वाचन अन्य आवधिक निर्वाचनभन्दा महत्वपूर्ण र विशेष छन् ।

मधेशमा मतदाताले तीनै तहको निर्वाचनमा देखाएको उत्साह लोकतन्त्रप्रति उनीहरूको बलियो विश्वास हो । उनीहरूको विश्वासलाई जीवन्त राख्ने प्रमुख जिम्मेवारी निःसन्देह मधेशी दल एवम् चुनावबाट चुनिएका जनप्रतिनिधिहरूको हो । मधेशी जनताले आफ्नो दायित्व पूरा गरेका छन् र अब जनअपेक्षाअनुरूप काम गर्नुपर्ने परीक्षा जनप्रतिनिधिहरूको छ । निर्वाचन सम्पन्न गरेर देशले ठूलो फड्को मारिरहँदा, मधेश र मधेशीको अपेक्षालाई अक्षरशः पूरा गर्ने चुनौती अब मधेशी दल र तिनबाट जितेका जनप्रतिनिधिहरूको काँधमा छ । तर उनीहरूले नीतिगत, संस्थागत संरचना निर्माण, आर्थिक नीति निर्माण र सांगठनिक पुनर्निर्माणका चुनौती पनि सामना गर्नुपर्छ ।

संविधानले प्रत्याभूत गरेका राजनीतिक नैसर्गिक अधिकारसँगै मधेशीसहित अन्य दलहरूले सबैका लागि शिक्षा, स्वास्थ्य, रोजगारी सुनिश्चित गर्ने वाचा घोषणापत्र मार्फत जाहेर गरेका छन् । अब बन्ने प्रदेश सरकारले यी प्रतिवद्धता कसरी पूरा गर्ने ? कुन आयस्रोतमा टेकेर ? कस्तो संस्थागत संरचनामार्फत र कस्तो आवधिक योजनामा टेकेर ती सामाजिक उपलब्धिहरू हासिल गर्न सकिन्छ ? यी प्रश्नहरू अनुत्तरित छन् ।

सपना र व्यवहारबीच तादात्म्य नमिल्दा आम जनतामा विश्वास गरिहाल्ने ठाउँ छैन । तीनवटै तहको निर्वाचन सम्पन्न हुनुलाई राजनीतिका साधक तथा चिन्तकहरूले प्रथम राजनीतिक चक्र अर्थात दशक लामो संक्रमणकाल सम्पन्न भएको बताउने गरेका छन् । वास्तवमा एउटा चक्र पूरा भएको छ र नबिसाई अर्को चक्र अविलम्ब सुरू हुँदैछ । यसको अर्थ अरू धेरै राजनीतिक तथा सामाजिक व्यवस्थापन गर्नुपर्ने अवस्था आउँदैछ, मधेशी दलहरूको काँधमाथि । नयाँ संविधानले नागरिकका लागि ३४ वटा मौलिक हक र कर्तव्यको व्यवस्था गरेको छ । तर व्यवहारमा त्यसलाई कसरी सुनिश्चित गर्न सकिन्छ ?

आ(आफ्नै विशेषता अनुसार कृषि, उद्योग, पर्यटन, जलविद्युत, वित्तीय पुँजीमध्ये कुन क्षेत्रको अगुवाइ वा नेतृत्वमा सहायक मोडलहरू तयार गर्ने भन्ने अर्को ठूलो चुनौती हो । सुरक्षित तथा योजनाबद्ध बसोबासको व्यवस्था, सार्वजनिक यातायात र 'कनेक्टिभिटी', दूरसञ्चार सञ्जाल, स्कुल, कलेज र स्वास्थ्य संस्थाहरूको व्यवस्थापनजस्ता पूर्वाधार खडा गर्नुपर्ने अर्को चुनौती हो ।

विभिन्न कालखण्डमा मधेशी नेताहरूमध्ये राष्ट्रिय जनता पार्टी नेपालका संयोजक महन्थ ठाकुरले भन्दै आएका छन्('मधेश आफैमा एउटा राष्ट्र हो ।' यस भनाईको तात्पर्य मधेश छुट्टै राष्ट्र हुनुपर्छ भन्ने होइन । उनको भनाईको आशय के हो भने मधेश एउटा राष्ट्र हुनका लागि हरेक दृष्टिकोणबाट परिपूर्ण छ ।

मधेशमा हरेक किसिमका सम्भावनाहरूको उपस्थिति छ । प्राकृतिक स्रोत साधनदेखि लिएर यो प्राविधिक युगमा एउटा नमुना क्षेत्रको रूपमा रहेको छ । मधेशमा यति धेरै विकासका सम्भावनाहरू हुँदाहुँदै राज्यको विभेदकारी नीतिका कारण मरूभुमिमा परिणत हुँदै गइरहेको छ । मधेशका कलकारखाना, उर्बरा तथा कृषियोग्य भूमि अहिले मरूभूमिझै हुन थालेको छ । कुनै समय थियो, मधेशमा उब्जेका धान, गहुँ लगायतका अन्न विदेश निर्यात गरिन्थ्यो । तर, अहिले निर्यात त परैको कुरा हो, आयात नै गर्नुपरेको छ ।

मधेशका पर्यटकीय स्थलहरू जनकपुरधामको जानकी मन्दिर, लुम्बिनी लगायतका ऐतिहासिक धरोहर अहिले जीर्ण अवस्थामा छन् । जनकपुरधामको जानकी मन्दिर विश्व सम्पदा सूचीमा पर्न सकेको छैन ।

विगतमा राज्यले मधेशसँग विभेद गऱ्यो भनेर विभिन्न आन्दोलनहरू पनि भए । मधेश राजनीतिक रूपमा एउटा उर्वर भूमिको रूपमा प्रयोग हुँदै आयो भने मधेशका अन्य पक्षहरू आर्थिक, सामाजिक अवस्था भने खस्कँदै गयो । मधेशका सयौं युवाहरू दिनहुँ विदेशिन बाध्य हुँदै आएका छन् । मधेशमा जिविकोपार्जनका माध्यम नहुँदा घरपरिवार पाल्नका लागि विदेशिनु पर्ने पीडा त छँदैछ । जहाँ हरेक चीजको सम्भावना हुँदाहुँदै मरूभूमिकरणमा परिणत हुनु दुर्भाग्यपूर्ण हो ।

विकासको दृष्टिकोणले हेर्दा मधेशमा रहेका विकासका पूर्वाधारहरू नभएका होइनन, तर अब त्यसलाई पुनः सञ्चालनमा ल्याउन जरूरी छ । अनि मात्र सुन्दर मधेशको परिकल्पना पूरा हुनसक्छ । नेपालको एक मात्र रेल सेवा जनकपुरदेखि भारतको जयपुरसम्म पुनः सञ्चालनका कार्य अगाडि त बढेको छ तर कछुवा गतिमा कार्य भइरहेको छ ।

प्रतिनिधि तथा प्रदेशसभापूर्व विभिन्न राजनीतिक दलहरूले आफ्नो घोषणापत्रमार्फत् सार्वजनिक गरेको विकासका प्रतिबद्धता साँच्चिकै व्यवहारमा लागू गर्ने हो भने सुन्दर मधेशको परिकल्पना पूरा हुनसक्छ । निर्वाचनको दुई हप्ता अगाडि राजपा नेपालले चुनावी घोषणापत्र सार्वजनिक गर्दै समृद्ध मधेशका लागि प्रतिबद्धता सार्वजनिक गऱ्यो । अहिले निर्वाचनमा मधेशको मतादेशलाई हेर्दा यी प्रतिबद्धताहरू पूरा गराउन मधेशी दलका लागि एउटा अवसरको रूपमा रहेको छ ।

राजपा नेपालले हुलाकीमार्ग, थप सडक सञ्जाल र रेल सेवाको विस्तार, काठमाडौं(निजगढ द्रुतमार्ग र निजगढ दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल, जनकपुर(अन्तर्राष्ट्रिय पर्यटन स्थल एवं विश्व हिन्दु केन्द्र, विरगन्ज(नेपालको आर्थिक कारोवार र व्यापारको प्रमुख केन्द्र, विराटनगर, भैरहवा र नेपालगंज नेपालको आर्थिक विकासको मेरूदण्ड, लुम्बिनी(अन्तर्राष्ट्रिय बुद्धिष्ट केन्द्र, सूचना प्रविधि र इन्टरनेट सेवाको विस्तार, युवामैत्री कार्यक्रम, महिलामैत्री कार्यक्रम, किसानमैत्री कार्यक्रम, गरिबमैत्री कार्यक्रम, वैदेशिक लगानी आकर्षण र निजी क्षेत्रलाई प्रोत्साहन, शहिद स्तम्भ एवं स्मारक निर्माण र हरेक क्षेत्र, विकास क्षेत्र भन्ने प्रतिबद्धता जनाएको थियो ।

सहज आवागमन र सर सामानको ढुवानीका लागि हुलाकी मार्गलाई तराई(मधेस लोकमार्ग नामांकरण गर्दै यथाशीघ्र सम्पन्न गरी थप सडक सञ्जालको निर्माण गर्ने, पूर्व(पश्चिम राजमार्गको समानान्तर आधुनिक रेलमार्गको निर्माण गर्ने राजपाको प्रतिवद्धता छ ।

जनकपुरलाई अन्तर्राष्ट्रिय पर्यटन र अध्यात्मिक केन्द्रको रूपमा विकास गर्ने, जनकपुर विमानस्थललाई सुरूमा क्षेत्रीय र पछि अन्तराष्ट्रिय आधुनिक विमानस्थलको रूपमा स्तरोन्नती गरिनुपर्छ । वीरगन्जलाई आधुनिक शहरको रूपमा विकास गर्दै यसलाई वैकिङ्ग, विमा, शेयर कारोवार र अन्तर्राष्ट्रिय व्यापारको केन्द्र बनाउने, नयाँ उद्योगहरू खोल्न निजी क्षेत्रलाई आकर्षित गर्ने सेवा, सुविधा र छुटको योजना बनाईने, वीरगन्जलाई विश्वका अन्य व्यापारिक र आर्थिक कारोवार हुने सहरहरूसँग सरकारी स्तरमै जोडिने चुनावी एजेन्डालाई अहिले कसरी पूरा गर्ने भन्ने जिम्मेवारी मधेशबाट अत्याधिक मत ल्याएर विजयी भएकाहरूको काँधमा आएको छ । विराटनगर, भैरहवा र नेपालगन्ज नेपालको आर्थिक विकासको मेरूदण्डका रहेको छ । राजविराज, सिरहा, जलेश्वर, मलङ्गवा, गौर, कलैया, नवलपरासी, तौलिहवा, नेपालगन्ज, तुलसीपुर, गुलरीया र महेन्द्रनगरमा एकिकृत सहरी विकास कार्यक्रम लागु गरी आधुनिक सहरको निर्माण गर्ने हो भने मधेश समृद्ध हुनुका साथै नेपालको अर्थतन्त्रमा ठूलो फड्को मार्नेछ ।

जनता टाइम्स

२०७४ पुस १५, 30 Dec., 2017

जाडोमा मर्निङ वाक कति सुरक्षित ?

डा ओममूर्ति अनिल

मर्निङ वाकबारे मानिसहरुमा विभिन्न भ्रम रहेको पाइन्छ। जाडोमा मर्निङ वाक गर्नु हुँदैन भनेर धेरैले आफ्नो नियमित व्यायाम बन्द नै गर्छन्। तर, यस्तो गर्नु हुँदैन। जाडोको बेला व्यायाम जस्ता शारीरिक गतिविधि रोक्नु स्वास्थ्यका लागि हानिकारक हुन सक्छ। बरु चिसो मौसममा विशेष सावधानी अपनाउनु भने जरुरी हुन्छ।

सही जानकारीको अभावमा जाडोमा मर्निङ वाक नगर्ने र निरन्तरता दिने व्यक्तिमा स्वास्थ्य समस्या उत्पन्न भएको छ कि छैन, शरीर र खासगरी मुटुलाई कस्तो असर गर्छ, कस्ता व्यक्तिलाई जाडोमा बढी असर गर्छ र यसबाट बच्न के गर्नुपर्छ, एउटा स्वस्थ व्यक्तिले आफ्नो दैनिकीमा परिवर्तन गर्न जरुरी छ कि छैन? यी विभिन्न प्रश्न धेरैको दिमागमा उब्जिएको हुन सक्छ।

जाडोका माध्यमबाट शरीरका रक्तनली र शरीरका विभिन्न मध्यम र मसिना प्रकारका रक्तनलीहरु खुम्चिने गर्छन्, जसका कारणले रक्तचाप र मुटुको धड्कन बढ्ने गर्छ। यसले रगतको प्रवाहमा असामान्यता आउँछ, जसलाई टर्बुलेन्स भनिन्छ। यसले गर्दा मुटु र रक्तसञ्चार प्रणालीमा असर पारेको हुन्छ। मुटुमा अक्सिजनको कमी भएर यसले सामान्य अवस्थाभन्दा बढी काम गर्नुपर्ने हुन्छ।

जाडोको समयमा विभिन्न किसिमका रसायन र हर्मोनको उत्पादन बढ्ने गर्छ, जसले रगत जमाउने तत्वहरुको मात्रा पनि बढाउने गर्छ। रगतको बाक्लोपना (भिस्को सिटी) पनि बढ्छ। यी सबै कुराले मुटु र मस्तिष्क रक्तनलीहरुमा रगत जमेर हृदयघात र मस्तिष्कघातको खतरा बढ्छ। तर, यी समस्या मुटु रोगको जोखिम हुनेहरुमा बढी हुन्छ। पूर्णरुपमा स्वस्थ व्यक्तिहरुमा यसको सम्भावना निकै कम हुन्छ।

रक्तचाप र कोलस्टेरोल पूर्णरुपले नियन्त्रणमा रहेको एउटा सामान्य व्यक्तिले जाडो महिनामा आफ्नो दैनिकीमा परिवर्तन ल्याउन जरुरी हुँदैन। चिसोबाट बच्ने उपयुक्त सुरक्षा अपनाएर मर्निङ वाकमा निस्कन मिल्छ। तर, घाम उदाएपछि निस्कनु राम्रो हुन्छ।

मुटुरोगी र मुटु रोगको जोखिममा रहेका व्यक्तिहरुले जाडोमा थप सावधानी अपनाउन जरुरी हुन्छ। अचानक धेरै परिश्रम हुने काम गर्नु हुँदैन। जस्तैः भारी उचाल्ने, गह्रौं वस्तु धकेल्ने गर्नु हुँदैन। लामो समयसम्म शारीरिक परिश्रम पनि गर्नु हुँदैन। परिश्रम गर्दा बीचबीचमा विश्राम पनि गर्नुपर्छ। व्यायाम सुरु गर्नुअघि वार्मअप गर्न जरुरी हुन्छ। अर्थात् शरीरलाई पहिले हल्का सक्रिय गर्न जरुरी हुन्छ। व्यायाम सुरु गर्नुअघि वा मर्निङ वाक सुरु गर्नुअघि हल्का मनतातो पानी खाएर निस्कनु उचित हुन्छ, जसले गर्दा शरीरमा डिहाइड्रेसन हुँदैन र कुनै नोक्सान गर्दैन।



मर्निङ वाकमा निस्किँदा जाडोबाट बच्न पर्याप्त कपडा लगाउनुपर्छ र मास्कको प्रयोग पनि जरुरी हुन्छ। राम्ररी घाम लागेपछि मात्रै हिँड्ने, चिसो हुँदा घरभित्रै ट्रेड मिलमा हिँड्ने, साँझपख नहिँड्ने जस्ता कुरामा ध्यान पुऱ्याउनुपर्छ। अत्यधिक खाना र खासगरी चिल्लो खाना नखाने, मासुयुक्त खानेकुरा नखाने र मदिराको प्रयोग पनि नगर्ने वा घटाउने जस्ता सुरक्षाका साथ आफ्नो स्वास्थ्यलाई ध्यानमा राखेर शारीरिक गतिविधि गर्न सक्छौं।

पाँचवर्षमुनिका बच्चामा हुने रेटिनोब्लाष्टोमाबारे जानौं

कल्पना पौडेल

के तपाईंले पाँच वर्षमुनिका बालबालिकाको आँखाको नानीमा अस्वाभाविक टल्कने थोप्लो, आँखा असामान्यरूपमा रातो भएको, बिस्तारै बाङ्गो अर्थात् डेडो हुँदै गएको देख्नुभएको छ ?

कहिलेकाहीँ सामान्य समस्याले यस्ता लक्षण देखिएको भए पनि यो पाँचवर्षमुनिका बच्चालाई मात्र देखिने आँखाको पर्दामा हुने एक प्रकारको क्यान्सर रेष्टिनोब्लाष्टोमाको कारण पनि हुनसक्छ।

पाँच वर्षमुनिका बालबालिकाका आँखामा हुने विभिन्न रोगमध्ये देखिने रेटिनोब्लास्टोमा पनि एक हो।

तिलगंगा आँखा प्रतिष्ठानका आँखा क्यान्सर विशेषज्ञ डा पूर्णिमा राजकर्णिकार स्थापितले यो रोग निकै कम मात्रा देखिए पनि यसबाट आँखाको ज्योति गुमेर आँखै फाल्नुपर्ने वा रोग पुरानो भएर ज्यानै जानसक्ने पनि बताउनुभयो।

उहाँले भन्नुभयो, "रेटिनोब्लास्टोमा जटिल रोग भए पनि समयमै पत्ता लगाउन सकेमा आँखाको ज्योति बचाउनाका साथै रोग निको पार्न पनि सकिन्छ।" तिलगंगामा अघिल्लो वर्ष आएका ४० भन्दा बढी बच्चामा आँखाको क्यान्सर अर्थात् रेटिनोब्लाष्टोमा देखिएको थियो।

बिपी कोइराला लाइन्स नेत्र अध्ययन केन्द्र महाराजगञ्जका बाल नेत्र रोग विशेषज्ञ डा ज्योति श्रेष्ठका अनुसार शुरुवातका दिनमा आँखामा यस्ता परिवर्तनहरू देखिन थाले पनि बच्चा स्वस्थ नै देखिन्छ, तर विस्तारै देख्नसक्ने क्षमतामा भने कमी आइरहेको हुन्छ।

बच्चाको आँखा रातो हुँदा उनीहरूमा दुखाई हुने, चिडचिडावट हुने र झगडालु पनि हुनसक्छन तर त्यसबारे आमालाई वा परिवारका अरुलाई थाहा नै हुँदैन। त्यसै शुरुवाती दिनमा रोग पत्ता नलाग्दा उपचार गर्न ढिला भइसक्ने चिकित्सकको अनुभव छ।

नेपाल आँखा अस्पताल त्रिपुरेश्वरका बाल नेत्रविशेषज्ञ डा सविना श्रेष्ठले फ्ल्यास क्यामेराले फोटो खिच्दा बच्चाको आँखाको नानीमा सेतो थोप्लो भए प्रष्ट देखिने भएकाले थाहा पाउन सजिलो हुने बताउनुभयो।

उपचारमा ढिलाइ हुँदै जाँदा वा उपचार नभएमा नानीमा देखिएको सेतो भाग फैलिएर विस्तारै डल्लो बाहिर निस्कने तथा आँखाको आकार असामान्यरूपमा ठूलो हुँदै जान्छ। यसरी आँखा बाहिर निस्किएपछि त्यसको असर (क्यान्सर) आँखाको बाहिर तथा शरीरको अन्य अङ्ग जस्तै मस्तिष्क, कलेजो, बोनम्यारो आदिमा फैलिएर अरु समस्या देखिन्छ। यसले बच्चाको ज्यान जोखिममा पर्ने डा श्रेष्ठले बताउनुभयो।

अमेरिकामा हरेक २० हजार बच्चामध्ये एकजनामा यो रोग देखिन्छ। सबैभन्दा हाइटीका १० हजार बच्चामध्ये एकजनामा यस्तो समस्या देखिएको पाइएको छ। सबैभन्दा कम नेदरल्याण्डमा ३५ हजार बच्चामध्ये एकजनामा मात्र यस्तो समस्या देखिएको छ तर नेपालमा भने अहिलेसम्म यसबारे कुनै तथ्यांक राखिएको पाइएको छैन।

चिकित्सकका अनुसार यो रोगको बाहिरी कारण नभएर वंशाणुगत कारणले देखिन्छ। परिवारका कुनै सदस्यलाई रेटिनोब्लाष्टोमा भएमा तीन पुस्तासम्मका बच्चालाई यो रोगको जोखिम रहन्छ। परिवारमा पहिले नै यो रोग देखिए गर्भावस्थामा पनि जाँच गर्न चिकित्सकले सुझाव दिने गरेका छन्।

आँखाको भिडियो एक्सरे, सिटी स्क्यान, एमआरआईजस्ता जाँचबाट यो रोग पत्ता लगाउन सकिन्छ। बच्चामा रेटिनोब्लाष्टामा शुरुकै अवस्थामा पत्ता लागेमा भने औषधि, लेजरप्रविधि वा केमो दिएर पनि निको पार्न सकिने डा स्थापितले बताउनुभयो। "रोग देखिएपछि केमोथेरापी दिएर उपचार गरिन्छ तर निकै ढिला भएमा वा आँखा बाहिर निस्केको अवस्थामा भने शल्यक्रिया गर्नुपर्छ", उहाँले भन्नुभयो। आखाँको ट्युमर सानो वा पहिल्यै थाहा भएमा ठूलो हानि नहुने गरी लेजरजस्ता साधारण प्रक्रियाद्वारा उपचार गर्ने गरिन्छ।

डा स्थापितका अनुसार रोग ढिला भइसकेपछि भने आँखाको डल्लो निकाल्ने तथा आँखा वरिपरिका भाग र जटिल हड्डी निकाल्न शल्यक्रिया गर्नुपर्ने हुन्छ। यस्तो अवस्थामा आँखाका ज्योति गुम्छ। काठमाडौँका आँखाका प्रमुख अस्पताल जस्तोः बिपी कोइराला लाइन्स नेत्र अध्ययन केन्द्र, तिलगंगा आँखा अस्पताल र नेपाल आँखा अस्पतालमा रेटिनोब्लाष्टोमाको उपचार हुन्छ।

नेपालमा आँखाका सबै प्रकारको रोगका लागि राम्रो र सुलभ उपचार सेवा पाइने बताइन्छ। त्यसैले आफ्नो र आफ्ना साना नानीहरूको आँखाको जाँच हरेक छ महिनामा गर्ने बानी बसाल्न सके राम्रो हुन्छ। वर्षमा एकपटक भने अवश्य चिकित्सकलाई देखाउन बाल नेत्रविशेषज्ञ डा सविना श्रेष्ठको सुझाव छ।

नेपालमा निकै ढिला मात्र अभिभावकले बच्चाको आँखाको क्यान्सरबारे थाहा पाउने गरेको चिकित्सकको भनाइ छ।

तपाईंको यो साता

मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): मनमा उत्साह र हिम्मत बढ्नेछ। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।

वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आम्दानी बढ्ने छ। विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला।

मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला।

कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन्।

सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): मन प्रफुल्ल रहला। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।

कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): मनमा चंचलता बढ्नेछ। समय राम्रो छैन। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला।

तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला। समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला।

वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): स्वास्थ्य सम्बन्धि समस्या आउने छ। मन दोधार होला।आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला।

धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।समय मध्यम खालको छ।

मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय उत्तम खालको छैन। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति नहोला।

कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द): नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।

मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची):पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।

दाइजो प्रथा नियन्त्रणका चुनौती

संगीता रेग्मी

विभिन्न चरणका संघर्ष र आन्दोलनसँगै नेपालमा थुप्रै राजनीतिक परिवर्तनहरू हुँदै गए । राणाशासन, पञ्चायत, राजतन्त्रलाई तिलाञ्जली दिँदै अहिले हामी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा संविधानसभाबाट बनेको संविधानको कार्यान्वयनको चरणमा अगाडि छौं । राजनीतिक रूपमा जे(जति परिवर्तनहरू देखिए पनि सामाजिक रूपमा हामी अहिले पनि पछाडि नै छौं भन्ने विभिन्न सामाजिक कुरीतिबाट प्रष्ट हुन्छ र यसको ज्वलन्त उदाहरण बालविवाह, बहुविवाह, दाईजो प्रथा, बोक्सी प्रथा, चेलिबेटी बेचबिखन, छाउपडी प्रथा लगायतका हुन ।


त्यसमध्ये दाईजो प्रथा विशेष गरी मधेशमा मात्र नभइ सर्वत्र व्याप्त रहेको पाईन्छ । मधेशमा दाईजोलाई 'दहेज' भनिन्छ । यसले मधेशमा मात्र होईन देशभरी नै भयानक अवस्था सिर्जना गरेको छ । कसैको घरमा छोरीको विवाहको कुरा चल्छ अनि सुरू हुन्छ दाइजोको प्रसंग । बिहेमा के के दिने, कति दिने, कसरी जोहो गर्ने भन्ने विषयमा छोरीका बुबा, आमा तथा घर परिवारका सदस्यले विचार गर्न थाल्छन् । सम्पति नभए पनि विवाहमा ऋण गरेरै भए पनि दाइजोको नाममा केही दिनै पर्छ भन्ने एक प्रकारको नियम जस्तै बनेको पाईन्छ । विवाहित छोरीलाई खाली हात पठाउँदा समाजले के भन्ला अनि केटाको घरमा छोरीलाई के भन्लान् भन्ने चिन्ताबाट मुक्त हुन पनि दाइजो प्रथाले प्रश्रय पाएको छ ।

कतिपय समुदायमा त यो प्रथा त्यति बाध्यात्मक मानिदैन तर विशेषतः तराई/मधेशमा यो चलनकै रूपमा प्रचलित छ अथवा एक प्रकारको बाध्यकारी परम्परा नै बनेको छ । छोरीलाई सम्पति दिनुलाई गलत मान्न सकिदैन तर केटा पक्षबाट तोकेर नै यो यो चाहियो भनेर माग गर्नु र यसकै नाममा प्रताडना गरिएको खबर बारम्बार आउने गरेको छ ।

यसरी दाईजो प्रथाले व्यापकता पाउँदै गर्दा यसले समाजमा जरा गाडेको छ भने अर्को तिर यसले गम्भीर प्रकारको सामाजिक कुरीति पनि निम्याउँदै छ ।

केटी पक्षले केटा पक्षलाई विवाहमा दिइने सम्पति नै मूलतः दाईजो हो । गरगहना, पैसालगायत घरजग्गा, सवारी साधन दाईजोको रूपमा दिने गरिन्छ । दाईजो प्रथा बेहुली पक्षलाई आर्थिक तथा मानसिक रूपमा अत्यन्त बोझिलो सावित हुन जान्छ । गरिबीबाट ग्रस्त परिवारलाई छोरीको विवाह गर्नु भनेको ऋणको भार बोक्नु सरह नै सावित हुन्छ ।

दाईजो प्रथाको आर्थिकभन्दा पनि सामाजिक र मनोवैज्ञानिक पाटो अझै विकराल छ । छोरा जन्मदा खुसी हुने परिवार छोरीको जन्म हुँदा दुःखी हुने गर्दछन् । छोरीमाथिको लैगिंक विभेद गर्भबाट नै सुरू हुने गरेको छ । दाइजो एक प्रथा भएकोले बाध्यात्मक छ । यसले समाजमा असमानता, उत्पीडन, हत्या तथा हिंसा जस्ता जघन्य सामाजिक अपराधलाई पनि टेवा दिइरहेको हुन्छ । हाम्रो समाजमा हुने महिला हिंसा, आत्महत्या जस्ता घटना यसका ज्वलन्त प्रमाणहरू



हुन् । । विवाहपछि महिलाले दाईजो कम ल्याएकै बहानामा घरपरिवारका सदस्यहरूबाट नै अपहेलित हुनुपर्ने, शारीरिक तथा मानसिक तनाव खेप्नुपर्ने, कुटपिट, गालीगलोज गर्ने जस्ता घटना समाजका लागि सामान्य बन्दै गएको छ ।

मधेशमा केटाको पढाई र जागिरलाई दाईजो मापन गर्ने माध्यमको रूपमा लिइन्छ । दाईजो प्रथा तराई/मधेशमा मात्र सीमित छैन्, हिमाल र पहाडमा पनि व्याप्त रहेको छ । भूगोलअनुसार नाम फरक भए पनि छोरीको विवाहमा विभिन्न नाममा सम्पत्ति दिने प्रचलन कायमै रहेको छ ।

दाइजो प्रथा होइन, कुप्रथा हो । दाईजो भनेको बुबाको सम्पत्तिमा छोरा सरह छोरीको पनि अधिकार हुनु हो त्यसैले यो प्रथा ठिक छ भनेर विश्लेषण गर्नेहरू पनि छन् । तर, बुबाको सम्पत्तिमा छोरीले अधिकार लिनको लागि दाईजो नै लिन जरूरी छ ? शिक्षा, स्वास्थ्यलगायतका छोरीको उज्जवल भविष्यका लागि बुबाले गर्न सक्ने धेरै पाटाहरू छन् ।



विवाहलाई हाम्रो समाजले पवित्र सांस्कृतिक तथा धार्मिक मान्यता प्रदान गरेको छ भने यो मान्यताभित्र विवाहमा दाईजो दिनुपर्छ भनेर कहीँ कतै उल्लेख गरिएको पाईदैन । यो परम्पराको नाममा फैलाइएको भ्रम मात्र हो ।

नेपालको संविधान २०७२ ले महिलालाई आर्थिक, सामाजिक तथा राजनीतिक रूपमा अधिकार समान हुनुपर्ने परिकल्पना गरेको छ । यसरी कानुनी रूपमा लैंगिंक समानताको बाटोमा हिँडेको नेपाली समाजले सामाजिक रूपमा विवाहको समयमा दाइजो प्रथालाई निरन्तरता दिनु विरोधाभास हो । विभिन्न समयमा दाईजो प्रथालाई सामाजिक अपराध हो भनेर निर्माण भएको कानुनलाई पानाहरूमा मात्र सीमित नराखी व्यवहारमै दाईजो प्रथालाई समाजबाट निराकरण गर्नु आजको आवश्यकता हो । हरेक सचेत नागरिकले दाइजो प्रथाले निम्त्याउने नकारात्मक पाटाहरूलाई संवेदनशील भएर मानसिक एवम् सामाजिक परिवर्तनका लागि ऐक्यबद्ध भएर अगाडि बढ्न जरूरी भइसकेको छ ।

२१ औं शताब्दीका शिक्षित महिलाहरूले दाइजो लिएर होइन अब्बल भएर अगाडि बढ्न सक्छु भन्ने मान्यता र सोचका साथ समाजमा विद्यमान दाइजो प्रथालाई हटाउन पहल थाल्नु अहिलेको आवश्यकता बनेको छ ।

यद्यपी, दाइजो दिनु र लिनु दुवै अपराध हो । हुनत् यसको लागि कानून नभएको होइन तर कानून पनि प्रभावकारी नहुनु र कार्यान्वयन पक्ष फितालो नहुँदा यसले समाजमा झन बढी प्रश्रय पाइरहेको छ । यदि दाइजो नामको यो प्रथालाई न्यूनीकरण गरियो भने निश्चय पनि मधेशमा छोरा र छोरीबीच हुने विभेदको पनि अन्त्य हुन जान्छ । हुन त अहिले आएर कतिपय बाआमाले छोरा र छोरीलाई समान रूपमा हेर्न थालेका छन् तर पनि दाइजो प्रथाले उनीहरूलाई कतै न कतै विवश बनाइरहेको कटु थयार्थ पनि छ ।

नियन्त्रणको चुनौती

राष्ट्रिय जनता पार्टीले प्रदेश र प्रतिनिधिसभाको आफनो चुनावी घोषणा पत्रमा राजपाले 'उमेर पुगेका विवाहयोग्य महिलालाई विवाहको समयमा आधा तोला सुनको मंगलसुत्र वा सो बराबरको रकम प्रदान गरिने' भनेर दाइजोलाई निरूत्साही गर्ने राजनीतिक प्रतिवद्धता जनाएको छ । तर यो उसको चुनावी राणनीति मात्र हो कि मधेशलाई दाइजोमुक्त समाज निर्माणको अभियान पनि हो, अहिले भन्न नसकिए पनि चुनावपछि उक्त पार्टीको योजना र कदममा निर्भर गर्छ । तर राजपाको यो घोषणा सांकेतिक रूपमा दाइजोमुक्त मधेशको लागि सार्थक कदम हो ।

दाइजो समाधानका लागि सबैभन्दा पहिले कडा कानुन बनाउनुपर्छ । तर कानुन बनाएर मात्र हुँदैन, त्यसको कार्यान्वयनका लागि विशेष पहल गर्नुपर्छ । छोरीलाई दाइजो होइन शिक्षा दिऊँ भनेर सबैतिर चेतना फैलाउन सक्नुपर्छ । मधेशी महिला आफ्नो शिक्षाका बारेमा सोच्न सकोस् र स्वतन्त्रतापूर्वक बाँच्न सकोस् भन्ने वातावरण सृजना हुनुपर्छ ।

राज्यले पनि दाइजो प्रथा नियन्त्रण गर्न कडा कानुन बनाई कार्यान्वयन गर्नु आवश्यक भएको छ । आजको समयमा कानुनले पनि महिलालाई पुरूषसरह अधिकार दिएको छ तर पनि दाइजोको नाममा महिला प्रताडित भइरहेका छन् । बुबाको सम्पत्तिमा पनि छोरीको हक लाग्ने भइसकेको छ । महिलाले पनि पुरूषले सरह अवसर र सुविधा पाएमा सक्षम व्यक्ति बन्न सक्छन् यो कुरालाई एउटा अभियानकै रूपमा चलाउनु पर्छ ।

यो कहालीलाग्दो स्थितिलाई जतिसक्दो छिट्टो अन्त्य गर्न जरूरी छ । यसका लागि सबै महिला एकजुट भएर यो प्रथाको विरोधमा उत्रने हो भने एक दिन अवश्य यो प्रथा हटेर जानेछ । दाइजो दिने वा लिने दुवैलाई दण्ड सजायको व्यवस्था गर्नुपर्छ ।

एमालेले ७५ जना समानुपातिक प्रदेशसभा सदस्य छान्यो

फत्तेपुर / नेकपा (एमाले)ले प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिकतर्फको नामावली निर्वाचन आयोगमा पठाउने निर्णय गरेको छ।

पार्टी अध्यक्ष केपी शर्मा ओलीको निवास बालकोटमा आज बसेको एमाले स्थायी कमिटीको बैठले सात वटै प्रदेशमा गरी ७५ प्रदेशसभा सदस्यको नाम टुंगो लगाएको पार्टीका सचिव प्रदीप ज्ञवालीले जानकारी दिए।

एमालले प्रदेश नं. १ मा १५, प्रदेश नं. २ मा ७, प्रदेश नं. ३ मा १६, प्रदेश नं. ४ मा १०, प्रदेश नं. ५ मा १३, प्रदेश नं. ६ र प्रदेश नं. ७ मा ८ प्रदेशसभा सदस्यको सिट पाएको थियो।

सचिव प्रदीप ज्ञवालीका अनुसार प्रदेशसभा सदस्यको नामावली यसप्रकार छन्:

प्रदेश नं १ :

विनादेवी राई, सावित्री जोशी, उषाकला राई, कृष्णकुमारी राई, पदमकुमारी गुरुङ, होमकुमारी साँवा, आशारत्न जबेगु, यशोदा अधिकारी, अम्बिका थापा, सरिता थापा, सावित्राकुमारी रेग्मी, सुनिताकुमारी चौधरी, जसमाया गजमेर (विश्वकर्मा), वसन्तीदेवी यादव र गुलेफुन मियाँ हुनुहुन्छ।

प्रदेश नं २

त्यसैगरी प्रदेश नं २ मा सीता गुरुङ, रवीन्द्र बैठा धोवी, डा मनोजकुमार सिंह, जकतारैन देवी सुडिन साह, अनिताकुमारी यादव, मञ्जुकुमारी यादव र हसिमा खातुन हुनुहुन्छ।

प्रदेश नं ३

प्रदेश नं ३ मा बेलिमैया घले, जुनेलीमाया श्रेष्ठ, सरस्वती बाटी, शान्ति थिङ, देवकी श्रेष्ठ (वान्तवा), इन्द्रमाया गुरुङ, सीता लामा, आशमाया तामाङ, उर्मिला कर्माचार्य, रचना खड्का, मुनु सिग्देल, सरस्वती बस्नेत, गोमा भुर्तेल, मीना ज्ञवाली (नेपाल), पार्वती सिलवाल र मैना अछामी सार्की हुनुहुन्छ।

प्रदेश नं ४

प्रदेश नं ४ मा चन्द्रमोहन गौचन, मित्रकुमारी गुरुङ सुवेदी, सावित्रा राना, मीना गुरुङ, मायानाथ अधिकारी, सिर्जना शर्मा, प्रभा कोइराला, पुष्पा केसी भण्डारी, लक्ष्मी सुनार र जुनादेवी नेपाली हुनुहुन्छ।

प्रदेश नं ५

प्रदेश नं ५ मा रमा घर्ती, थानकुमारी थापा चापागाईं, विमला शर्मा पन्थी, सरस्वती गौतम, जालपा भुसाल, भगवतीदेवी भण्डारी कृष्णी थारु, धमकली चौधरी, कमलादेवी विक, आशा स्वर्णकार, सुनिताकुमारी ठठेर, चिन्तावती कुर्मी र फौजिया नसिम हुनुहुन्छ।

प्रदेश नं ६

त्यसैगरी प्रदेश नं ६ मा मीनासिंह रखाल, बदमी क्वारी बोहोरा, पद्मा खड्का, देवी ओली, कौशिलावती खत्री र राजु नेपाली हुनुहुन्छ।

प्रदेश नं ७

प्रदेश नं ७ मा माया भट्ट, मनाकुमारी साउद, पूर्णा जोशी, माया तामाङ बोहरा, सुशीला बुढाथोकी, चुनकुमारी चौधरी, अर्चना गहतराज र दुर्गा विक हुनुहुन्छ।

सिरहामा रासायनिक मलको अभाव

लहान / गहुँबाली छर्ने समयमा सिरहामा रासायनिक मलको अभाव भएपछि किसान चिन्तित बनेका छन्।

बीउ छर्ने बेलामै डिएपी र युरिया मलको अभाव भएपछि गाउँ गाउँबाट सिरहाको लहान आउने किसानले रित्तो हात फर्किनुपरेको गुनासो गरेका छन्।

सिरहाको गोविन्दपुरबाट डिएपी मल लिन लहान आएका मो मस्तिकिमले तीन दिनदेखि धाउँदा पनि मल नपाएपछि रित्तो हात फर्कनुपरेको गुनासो गर्नु भएको छ। उहाँले धान काटेर गहुँ लगाउने बेलामा मल नपाएका कारण खेत बाँझै राख्नुपर्ने अवस्था आएको दुःखेसो गरे।

कृषि सामग्री कम्पनी लहानबाट उपलब्ध भएको थोरै डिएपी र युरिया मल स्थानीय डिलरहरुले अत्यधिक महँगोमा बेच्ने गरेको र अधिकांशले त्यो पनि नपाउने अवस्था रहेको किसानले गुनासो गरेका छन्।

जिल्लाका सहकारी संस्थाले भने तीन(चार दिन धाएपछि मात्र कृषि सामग्री कम्पनी शाखा लहानमार्फत थोरै परिमाणमा डिएपी र युरिया मल पाउने गरेको र ढुवानी खर्च अत्यधिक हुँदा महँगोमा बेच्नुपरेको बताएका छन्।

यता कृषि सामग्री कम्पनी शाखा लहानका शाखा प्रबन्धक चन्द्रप्रसाद चौलागाईंले युरिया र डिएपी मल सहजरुपमा आपूर्ति हुन नसकेकाले जिल्लामा रासायनिक मलको अभाव भएको बताए।

उनका अनुसार कम्पनी शाखाको गोदाममा मात्र ४८५ बोरा डिएपी मल रहेका छन् युरिया मल एक बोरा पनि गोदाममा छैन। गत कात्तिक महिनायता हालसम्म युरिया मल सात हजार ५०० बोरा र डिएपी १२ हजार २१७ बोरामात्र आपूर्ति भएको कृषि सामग्री कम्पनीले जनाएको छ।

कम्पनीले युरिया प्रतिबोरा रु ७३८ र डिएपी रु दुई हजार १८८ का दरले बिक्री वितरण गर्दै आए पनि सहकारी संस्थाले निर्धारित मूल्यभन्दा बढी मूल्यमा रासायनिक मल बिक्री वितरण गर्ने गरेको किसानको गुनासो छ। रासायनिक मलको अभाव रहेको मौका छोपी सहकारीले बढी मूल्य लिएर रासायनिक मल बेचेको विषयमा आफ्नो कार्यालयमा हालसम्म उजुरी नपरेको प्रबन्धक चौलागाईंको भनाइ छ।

मिर्गौला, क्यान्सर र स्पाइनल इन्जुरीका बिरामीलाई अब मासिक ५ हजार भत्ता

काठमाडौं / सरकारले मिर्गौला फेल भएका, क्यान्सर र स्पाइनल इन्जुरीका कारण प्यारालाइसिस भएका बिरामीलाई मासिक ५ हजार भत्ता दिने निर्णय गरेको छ।

बिहीबार बसेको मन्त्रिपरिषद बैठकले यस्ता बिरामीको दैनिक जीवनयापनलाई सहज बनाउन ५ हजार रुपैयाँका दरले जीविकोपार्जन भत्ता दिने निर्णय गरेको हो।

'यस्ता रोग लागेका बिरामीको दैनिक जीवनयापन कष्टकर हुने भएकाले जीवन निर्वाहका लागि मासिक ५ हजार भत्ताको व्यवस्था गर्ने निर्णय भएको छ,' सरकारका प्रवक्ता मोहनबहादुर बस्नेतले भने।

अहिले सरकारले क्यान्सर, मिर्गौला र स्पाइनल इन्जुरी लगायतका जटिल रोगबाट पीडित बिरामीको उपचारमा सहुलियत दिँदै आएको छ।

स्वास्थ्य मन्त्रालयले यी बिरामीका लागि दिने भनिएको रकम चुरोट तथा सुर्तीजन्य पदार्थ र मदिरामा थप कर लगाई व्यवस्थापन गर्ने प्रस्ताव मन्त्रिपरिषदमा लगेको थियो। मन्त्रिपरिषद्ले सोही प्रस्ताव पास गरेको हो।

सरकारले हाल क्यान्सर र स्पाइनल इन्जुरीका बिरामीलाई उपचारका लागि १ लाख रुपैयाँ सहयोग गर्दै आएको छ। यस्तै, मिर्गौलाका बिरामीका लागि निःशुल्क डायलाइसिस र प्रत्यारोपण गर्नुपरेमा प्रत्यारोपण गर्ने अस्पताललाई ४ लाख र बिरामीलाई प्रत्यारोपण अगाडि परीक्षणका लागि ५० हजार र प्रत्यारोपणपछि औषधि उपचारका लागि १ लाख रुपैयाँ उपलब्ध गराउँदै आएको छ।

सप्तकोशी नगरपालिकाको अनुरोध

– सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रबाट लागि परौ।
– शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर बनाउन आफनो घरबाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलबारी बनाऔ साथै बोट विरुवा रोपौ।
– शहरलाई प्लाष्टीक र पदुष्णयुक्त बनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ। कपडा तथा कागजका झोलाहरु बढीमात्रामा प्योग गरौ।
– समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ।
– नगरपालिकालाई बुझाउनु पर्ने सबै किसिमका करहरु समयमै बुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ।
– नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ।
– सडक वत्ति समयमा बाल्ने र निभाउने गरौ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै बिक्री वितरण समेत नगरौ।
– सार्वजनिक सम्पत्तिहरुको सबै मिलेर संरक्षण गरौं।
– सभ्य नागरिक बनौ , बन्न सिकाऔ र सभ्य नगरपालिका बनाऔं।

सप्तकोशी नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी

कम्प्यूटर नसिकेर कतै पछि त पर्नु भएको छैन ?

नेपाल सरकारबाट मान्यता प्राप्त कम्प्यूटर सम्बन्धि गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको *PARADISE COMPUTER CENTER* मा केही सिमित सिटका लागि भर्ना लिइदैछ। कम्प्यूटर सिक्नबाट

Our Services:
- Basic Computer Operator
- Advance Computer Operator
- Diploma in Aplication Programming
- Diploma in Accounting Course .

20%

Basic Course

For more details Please feel free to visit here or contact:

सम्पुर्ण इलेक्ट्रोनिक्स सामनहरू एकै

अब तपाई हाम्रो बजार फत्तेपुरमा छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स टपसन कम्पनीका सामानहरु LED बल्ब, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE ,volta कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा

प्रो बिमल कुमार झा
छिन्नमस्ता सौर्य उर्जा ट्रेडर्स सप्तकोसी नगरपालिका १फत्तेपुर हटिया छिर्ने बाटो

सुलभ दरमा इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ। मौकाको फाईदा



प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६,
९८०७७७३८९१,

IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।

सम्पुर्ण बिजुलीका सामान विन्दबासिनीमा

अव तपाईहरुको बजार फत्तेपुरमा सम्पूर्ण बिजुलीका सामानहरु एकै ठाउँमा सस्तो र सुलभ मूल्यमा पाउनुका साथै घर वाईरिङसमेत सुलभ दरमा

सम्पर्क :
विन्दबासिनी ईलेक्ट्रीक एण्ड ट्रेडर्स
सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी भगवती मन्दिर
पूर्व फोन ०३१(५५०१०६,९८०७७७३८९१,९८५१८११२९१